# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

**दैलेख**

**कर्णाली प्रदेश , नेपाल**

-

## <u>डुङ्गेश्वर गाउँपालिका पशु किसानहरूको फर्म दर्ता कार्यविधी २०७५</u>

प्रमाणिकरण मिति : २०७५।३।१७ प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

# डुङ्गेश्वर गाउँपालिका पशु किसानहरूको फर्म दर्ता कार्यविधी २०७५

पशुजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादित सामग्रीलाई सुलभ बनाउन, बिक्री वितरण, भण्डारण, व्यवस्थापन गर्न, घाँसको उन्नत बीउ उत्पादन एवं आयबृद्धि गर्न बचत संकलनबाट आत्मनिर्भर हुनको लागि डुङ्गेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधी पारित गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस विधानको नाम श्री ..................... कृषक समूह रहनेछ ।

(ख) यो समूह डुङ्गेश्वर गाउपालिका पशु सेवा शाखा दैलेखमा दर्ता भएपछि तुरुन्त लागु हुने छ ।

**१.२ परिभाषा:**

**विषय र प्रसंगले अर्को नलागेमा यो विधान:**

(क) **"समूह"** भन्नाले यस विधानमा उल्लेखित पशुपालन कृयाकलापद्वारा पशु उपजको उत्पादन, उत्पादकत्व बढाई तथा आय-आर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउनेछ ।

(ख) **"सदस्य"** भन्नाले कृषक जो कि यस कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ७ बमोजिम सदस्यता लिएको हुन्छ ।

(ग) **"कार्यसमिति"** भन्नाले "विधान अनुसार निर्वाचित वा मनोनित अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउनेछ ।

(घ) **"साधारणसभा"** भन्नाले यस विधानको दफा १० बमोजिम गठित सभालाई जनाउनेछ ।

**३. समूहको छाप:**

गोलो घेराभित्र यस समूहको नाम श्री ................................. ***कृषक समूह*** .................................. .............................देख्न र पढ्न सकिनेछ ।

**४. समूहको कार्यालय:**

कर्णाली प्रदेश दैलेख जिल्ला ................. डुङ्गेश्वर गाउपालिका वडा नं. ........... मा रहनेछ ।

**५. कार्यसमिति:**

यस समूहको कार्यसमिति तल उल्लेख भए बमोजिम हुने छ ।

(१) अध्यक्ष - १ (२) सचिव - १ (३) कोषाध्यक्ष - १ (४) सदस्य - २ जना गरी ५ जनाको कार्यकारी समिति र अन्य साधारण सदस्य ११ गरी १६ जना सदस्य हुनेछ ।

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| 1 | अध्यक्ष | | | |
| 2 | सचिव | | | |
| 3 | कोषाध्यक्ष | | | |
| 4 | सदस्य | | | |
| 5 | सदस्य | | | |
| 6 | सा.सदस्य | | | |
| 7 | सा.सदस्य | | | |
| 8 | सा.सदस्य | | | |
| 9 | सा.सदस्य | | | |
| 10 | सा.सदस्य | | | |
| 11 | सा.सदस्य | | | |
| 12 | सा.सदस्य | | | |
| 13 | सा.सदस्य | | | |
| 14 | सा.सदस्य | | | |
| 15 | सा.सदस्य | | | |
| 16 | सा.सदस्य | | | |
| 17 | सा.सदस्य | | | |
| 18 | सा.सदस्य | | | |
| 19 | सा.सदस्य | | | |
| 20 | सा.सदस्य | | | |
| 21 | सा.सदस्य | | | |
| 22 | सा.सदस्य | | | |
| 23 | सा.सदस्य | | | |
| 24 | सा.सदस्य | | | |
| 25 | सा.सदस्य | | | |

## परिच्छेद - २

## उद्देश्य र कार्य

**५ (क) उद्देश्य:** सदस्यहरुको सामाजिक, आर्थिक, व्यवसायिक, हितलाई ध्यान राखी देहायमा उल्लेखित समूहको उद्देश्य हुने छ ।

१.१ पशु उत्पादनका आधारभुत कुराहरु जस्तै नश्ल सुधार, आहारा विकास, स्वास्थ्य एवं अन्य व्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

१.२ संस्थागत विकास मार्फत सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

१.३ सदस्यहरुमा स्वाबलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने

१.४ पशुजन्य उत्पादनको वजारीकरणकका लागि पूर्वाधार तयार गरी विविधीकरण तथा वजारीकरण गर्ने ।

१.५ जैविक विविधता संरक्षण तथा अभिलेखीकरण गर्ने ।

**समूहको विधानको दफा ५ (क) बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्ने छ ।**

१. कृतिम गर्भाधान तथा उन्नत नश्लका भाले पशुद्धारा स्थानिय नश्लको सुधार गरि उत्पादन एवं उत्पादकत्व बढाउने ।

१.१ नातामा प्रजनन (Inbreeding) हुनवाट वचाइ पशुवस्तुको उत्पादन क्षमता क्षयीकरण हुनवाट रोक्ने ।

१.२ उन्नत नश्लका पशु (गाइ, भैसी, वाखा, वंगुर, कुखुरा) र घाँसको श्रोत विकास गरी आत्मनिर्भर हुने ।

१.३ उन्नत जातका डाले तथा भुइ घाँसको खेती गरि आहारा विकास गर्ने ।

१.४ साइलेज तथा हे प्रविधिवाट घाँसको संरक्षण गरि अभावको समयमा आहारा आपुर्ती गर्ने ।

१.५ समूहबाट सम्पुर्ण कृषकको उत्पादनको प्रशोधन, बजारीकरण तथा आवश्यक वस्तुको खरिद सामुहिक रुपमा गर्ने ।

१.६ आफ्ना पशुहरुको नियमित रुपमा आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण तथा खोप लगाउने कार्य गर्ने ।

१.७ पशुहरुको स्वास्थ्य अवस्था विग्रेमा पशु प्राविधिकको सल्लाह अनुसार औषधि गर्ने ।

१.८ सदस्यको सीपमा बृद्धि गर्नका लागि नियमित रुपमा सरकारी तथा गैर सरकारी निकाय संग समन्वय गरी कार्यक्रमहरु तर्जुमा एवं सञ्चालन गर्ने ,

१.९ सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने

१.१० सदस्यहरु बीच स्वावलम्वन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानी विकास गर्ने ।

१.११ समूह सदस्यहरुमा उत्पादनशील आयमूलक एवं सीपमूलक उद्देश्य प्राप्तिका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने ।

१.१२ आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय , राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने ।

१.१३ पशुपालनसंग सम्बन्धित अन्य कृषक समूह, सहकारी वित्तीय संघ/संस्थासंग सम्पर्क कायम गरी जानकारी एवं सूचना आदान-प्रदान गर्ने ।

१.१४ यस क्षेत्र/भेगको कृषकहरुद्धारा उठाइएको समस्याहरु जिल्ला पशु सेवा कार्यालय, अनुसन्धान कार्यालय तथा अन्य सरोकारवाला निकायहरुलाई सम्पर्कद्धारा जानकारी उपलव्ध गराई समाधान निकाल्ने प्रयास गर्ने ।

१.१५ शुद्ध नश्लका पशुवस्तुहरु जस्तै वोयर वोका/वाखा, जर्सी वहर/गाइ, होलस्टिन वहर/गाइ मुर्रा राँगो/भैसी तथा वंगुरका पाठाहरु जिल्ला पशु सेवा कार्यालय संगको सहकार्यमा खरिद तथा विक्री गर्ने ।

१.१६ आफ्ना पशुहरुको विमा गर्ने र अरुहरुलाइ पनि आफ्ना पशुवस्तु विमा गराउन प्रोत्साहन गर्ने ।

१.१८ पशु उपज प्रशोधन गर्ने ।

१.१९ प्रशोधित वस्तु उचित मूल्यमा बिक्रि गने ।

१.२० पशु उत्पादनलाई व्यवसायिकरण गर्ने ।

१.२१ बचत/ हितकोष संकलन गर्ने ।

१.२२ संकलित बचत / हितकोषको प्रभावकारी परिचालन गर्ने ।

१.२३ जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

१.२४ माथि उल्लेखित उद्देश्य पूर्ति गर्न अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -३

## सदस्यता

एक उद्देश्य एवं विभिन्न आर्थिक अवस्था भएको एवं यस समूहको विधानको परिधिभित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहको सदस्यताहरुको लिखित सिफारिस साथ निर्धारित ढाँचामा दरखास्त दिनुपर्ने छ ।

(क) पशुपालन (गाइ, भैसी, भेडा वाखा, कुखुरा, वंगुर पालन तथा घाँसखेती गरिरहेको हुनुपर्ने ।

(ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न इच्छुक भएको ।

(ग) समूहको विधान अनुसार कार्य गर्न मञ्जुरी भएको ।

(घ) कृषक-कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको ।

(ङ) सदस्यताको लागि उमेर पुगेको हुनुपर्ने छ ।

### ७. <u>साधारण सदस्यता:</u>

सदस्यता शुल्क रु.२०० तिरी साधारण सदस्यताको निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यताले मासिक बचत रु. ...... प्रत्येक महिना जम्मा गर्नु पर्ने छ ।

**८. सदस्यता शुल्क:**

प्रत्येक सदस्यले सदस्यता शुल्क वापत रु. ५०० (पछि फिर्ता नहुने गरी ) बुझाउनु पर्ने छ ।

**९. सदस्यता कायम नरहने अवस्था (सदस्यताको अयोग्यता ):**

कार्यसमितिले निम्न अवस्थामा सदस्यताहरुलाई सदस्यताको लागि अयोग्य ठहऱ्याई सदस्यता समाप्त गर्न सक्नेछ ।

(क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु **३** महिनासम्म नतिरेमा

(ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्यसमितिबाट निष्काशन गरेमा

(ग) मानसिक सन्तुलन बिग्रेको प्रमाणित भएमा ।

(घ) सदस्यताबाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन दिई कार्यसमितिले सदर सिफारिस गरेमा )

(ङ) आपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा

(च) पशुपालन पेशा त्यागी अन्य कार्य गर्न थालेमा

(छ) मृत्यु भएमा ।

(ज) समूहको सञ्चालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा वा समूहको रकम हिनामिना गरेमा ।

(झ) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा,

(ञ) **३** पटकसम्म विना सूचना अनुपस्थित रहेमा ।

## परिच्छेद - ४

## साधारण सभा तथा कार्यसमिति

**१० साधारणसभा (विधी):**

यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारणसभाको सदस्य हुनेछ , जुन समूहको उच्चतम निकाय हुने छ । यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ , साधारणसभा वर्षमा एकपटक र साधारणतया ***जेष्ठ*** महिनामा बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारणसभा बोलाउन सकिनेछ ।

**११. साधारणसभाको अधिवेशन (बैठक):**

कार्यसमितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारणसभाको स्थान, समय, मिति तथा एजेण्डाको जानकारी गराउनुपर्ने छ ।

## १२. साधारणसभाको काम, कर्तव्य र अधिकारः

(क) कार्यसमितिको निर्वाचन गर्ने तथा गठन गर्ने

(ख) विधान संशोधन गर्ने ।

(ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

(घ) आवश्यक नीति निर्देशन तय गर्न कार्यसमितिको मूल्यांकन गर्ने ।

(ङ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(च) समूहको वार्षिक कार्ययोजना बनाउने ।

(छ) कार्यसमितिको साधारणसभाका सदस्यहरुद्वारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने ।

(ज) समूहले कार्ययोजना बनाउँदा, कम्तिमा ६० प्रतिशत पशुपालन कार्यक्रम बनाउने ।

(झ) समूहको कार्यक्रम कार्यान्वयन गर्ने ।

(ञ) विगत कार्यको समीक्षा गर्ने ।

## १३. साधारणसभाको गणपुरक संख्याः

समूहको साधारणसभाको बैठकमा कम्तिमा पनि ५० प्रतिशत सदस्यहरुको उपस्थितिमा हुने छ । यदि सो नभए फेरी ३ दिनभित्र अर्को सभा बोलाउनुपर्ने छ । यसमा कुल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

## १४. कार्यसमिति (गठन विधि):

(क) कार्यसमिति ....... सदस्यको हुने छ ।

(ख) कार्यसमितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुनेछन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सहसचिवको पनि व्यवस्था गर्न सकिने छ ।

(ग) कार्यसमितिका पदाधिकारीहरु बोर्ड बैठक हरेक महिनाको ........... गते /दिन हुने छ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(घ) कार्यसमितिको पदाधिकारीहरुको कार्य अवधि ........... वर्षको हुने छ ।

(ङ) कार्यसमितिको कुनैपद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्यसमितिको पदमा कार्यसमितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

(च) कार्यसमितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्वारा हुने छ ।

(छ) साधारणसभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचन प्रक्रियाद्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्यसमिति गठन गर्ने छ ।

(ज) कार्य समितिमा आवश्यकता अनुसार सल्लाहकार मनोनित गर्न सकिनेछ ।

## परिच्छेद - ५

## कार्यसमितको काम, कर्तव्य र अधिकार

**१५. कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

(क) विधानको परिधिभित्र रही, समूहको उद्देश्य अनुरुप साधारणसभाले गरेको नीति निर्देशनलाई पालन गर्ने ।

(ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने

(ग) सहकारी तथा गैरसहकारी संस्थाहरुसँग सम्पर्क बृद्धि गर्ने पशुपालन सम्बन्धी अन्य संघसंस्थाहरुसँग सम्पर्क राखि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

(घ) सहकारीमा जाने प्रयास गर्ने ।

(ङ) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

(च) समूहको कार्ययोजना बनाई लागु गर्ने ।

**१६.१ अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) साधारणसभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) साधारणसभा तथा कार्यसमिति समेतद्वारा पारित निर्णयहरुको पालना गर्ने गराउने ।

(ग) समूहद्वारा सञ्चालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(घ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नो मत दिने ।

(ङ) समूहको उन्नति प्रगतिको लागि सक्षम तथा गतिशील नेतृत्व प्रदान गर्ने ।

(च) सचिवलाई बैठक बसाउन निर्देशन दिने ।

(छ) समूहको आवश्यकता अनुसार छलफल गरी बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने ।

(ज) समूहले गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(झ) समूहको हितको लागि विभिन्न स्रोतहरुबाट सेवा उपलव्ध गर्न प्रयत्न गर्ने ।

(ञ) विभिन्न सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय गर्ने ।

(ट) समूहको गतिविधिलाई प्रभावकारी तुल्याउन योगदान गर्ने ।

(ठ) समूहमा आउने विवादास्पद कुराहरुलाई समूह भित्रैबाट सुल्झाउने प्रयास गर्ने ।

(ड) समूहको सर्वोपरी हितको लागि नेतृत्व गर्ने ।

(ढ) बैठकमा आम सहमतिबाट निर्णय गर्ने परिपाटी बसाल्ने ।

(ण) बैठकमा सदस्यहरुको भावना र विचार समेट्ने

(त) समूहको चल अचल (नगदी जिन्सी ) सम्पत्तिको संरक्षण गर्ने ।

**१६.२ सचिवको काम, कर्तव्य र अधिकार:**

(क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारणसभा तथा कार्यसमितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

(ख) कार्यसमितिको बैठक अध्यक्षको स्वीकृति लिई बोलाउनु पर्नेछ ।

(ग) बैठकमा अध्यक्षको परामर्शले कार्यसूची तयार गरी बैठकमा पेश गर्ने ।

(घ) सामान्यतया : कार्यकाल सञ्चालन र नियन्त्रण सचिवले गर्ने छ ।

(ङ) समूहको सम्पूर्ण कागजात, माइनुटिङ किताबको संरक्षण गर्ने ( दुरुस्त राख्ने )

(च) बैठकमा प्रस्तावहरु सरसल्लाह छलफल भएको निर्णयहरु सबै क्रमबद्ध गर्ने ।

(छ) सम्बन्धित निकायहरुसँग पत्राचार गर्ने , निर्णयको प्रतिलिपी जि.प.से.का. लगायत सम्बन्धित निकायलाई ३ दिनभित्र पठाउने ।

(ज) समूहको पत्राचार गर्ने कागजहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने ।

(झ) समूहको नियमित प्रगति विवरणहरु तयार गर्ने ।

(ञ) समूहको वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउँमा पठाउने ।

(ट) समूहले निर्णय गरेपछि अन्त्यमा निर्णय पढेर सुनाउने ।

(ठ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।

**१६.३ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) समूहको बचत कोषको पूर्ण जिम्मेवारी हुने छ ।

(ख) चाहिएको समयमा बचत रकम समूहलाई उपलव्ध गराउनु पर्ने छ ।

(ग) समूहको आम्दानी खर्चको सम्पूर्ण सही हरहिसाब राख्नुपर्ने छ ।

(घ) साधारणसभामा समूहको वित्तीय (आर्थिक) प्रतिवेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

(ङ) अध्यक्षको स्वीकृतिमा रु ........... सम्म खर्च गर्न सक्ने छ तर अर्को समितिको बैठकमा सो को बिल भरपाई पेश गर्ने ।

(च) समूहको कोष बढाउन सक्रिय हुनुपर्ने ।

(छ) समूहको आम्दानी तथा खर्चको लेखापरीक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुने छ ।

(ज) समूहको नियमित मासिक बचत संकलन गर्ने ।

(झ) समूहको कोष बृद्धि गर्ने योजनाहरु तयार गरी बैठकमा राख्ने ।

(ञ) बैठकमा बेला बखत समूहको आय व्यय हिसाब सदस्यहरुलाई सुनाउने ।

(ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षबाट प्रमाणित गराई फाइलमा राख्ने ।

(ठ) समूहको हिसाब किताब पारदर्शी बनाई राख्ने ।

**१६.४ सदस्यहरूको काम, कर्तव्य र अधिकार:**

(क) सचिवले कार्यसमितिको निर्णय अनुसार कार्य विभाजन गरी कार्यालयलाई दिए बमोजिमको कामको कार्यान्वयन रेखदेख नियन्त्रण सम्बन्धित सदस्यले गर्ने छ तर सचिव तथा अध्यक्षप्रति निजको कार्यकालसम्म जवाफदेही हुनु पर्ने छ ।

(ख) कार्यसमितिको बैठकमा प्रस्तुत एजेण्डामा छलफल र निर्णय दिने मत दिने ।

(ग) कार्यसमितिले दिएको लगाइएको कार्य गर्ने ।

(घ) बैठकहरुमा विना सूचना अनुपस्थित नरहने ।

## आर्थिक व्यवस्था (बचत संकलन ) र परिचालन

**१७. आर्थिक स्रोत:**

(क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क ।

(ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी ।

(ग) कुनै पनि राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त चल अचल सम्पत्ति

(घ) समूहको सदस्यले बचत गर्ने मासिक रकम ।

(ङ) समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज ।

(च) समूहले अन्य संघसंस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ........... प्रतिशतले लेबी ।

(ज) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत ।

(झ) ऋण लगानी गर्दा प्राप्त ........... प्रतिशत सेवा शुल्क ।

(ञ) बिलम्ब शुल्कबाट ।

(ट) समूहका सम्पूर्ण सदस्यहरुले कही कतैबाट तालिम, गोष्ठीबाट प्राप्त गर्ने रकमको ......... प्रतिशतबाट ।

**१८. हितकोष:**

(क) श्री ............................. कृषक समूहको एक हितकोष हुनेछ ।

(ख) नेपाल सरकारको मान्यता प्राप्त बैंकमा समूहको खाता रहनेछ ।

(ग) हाल सम्मको हितकोष रकम रु. .........../00

**१९. हितकोष परिचालन:**

(क) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्नेछन् ।

(ख) सदस्यले ऋण माग गर्न निवेदन दिनुपर्ने छ ।

(ग) पशुपालन कार्यको लागि ऋणमा ........... प्रतिशत मासिक व्याज लाग्नेछ ।

(घ) अन्य कार्यको लागि ऋणमा ........... प्रतिशत मासिक व्याज लाग्ने छ ।

(ङ) मासिक व्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकेको ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्ने छ ।

(च) ऋण लिंदा ऋण रकमका ........... प्रतिशत सेवा शुल्क बुझाउन पर्ने छ ।

(छ) नेपाल सरकारद्धारा मान्यता प्राप्त बैंकमा समूहको अध्यक्ष र सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

**२०. बिलम्ब शुल्कः**

(क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु ........... बिलम्ब शुल्क लाग्नेछ ।

(ख) दोस्रो महिना प्रति दिन रु ................. बिलम्ब शुल्क लाग्नेछ ।

(ग) तेस्रो महिना प्रति दिन रु .............. बिलम्ब शुल्क लाग्नेछ ।

(घ) चौथो महिनाबाट सदस्यता खारेज हुने छ ।

(ङ) ३ (तीन) महिना बुझाउनुपर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो महिना रु ........... प्रति दिन बिलम्ब शुल्क लाग्नेछ । चौथो महिना ऋण रकम र व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

(च) एक सदस्यको जमानी बसेको सदस्यले अर्को पुनः जमानी बस्न पाइने छैन ।

(छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणका आधी भाग तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।

(ज) ऋण लिएका सदस्यले अरु सदस्यको जमानी बस्ने पाउनेछैन ।

(झ) ऋण लिनको लागि रु. ............. सम्म १ सदस्य जमानी, रु. ............ सम्म २ सदस्य जमानी र रु. ............. सम्म ३ सदस्य जमानी चाहिनेछ ।

**२१. लेखापरीक्षणः**

एक वर्षमा एकपटक लेखापरीक्षण गराउनु पर्दछ । आय-व्ययको जाँच कोषाध्यक्षले गराउनु पर्नेछ । र सो को प्रतिलिपी साधारणसभामा पेश गर्नुपर्ने छ । आर्थिक वर्ष श्रावण १ गते देखि आषाढ मसान्त सम्मको हुनेछ । मुनाफा सम्पूर्ण सदस्यहरुलाई प्रत्येक वर्षको लेखापरीक्षण पछि नीजहरुको हिसाब खातामा जम्मा गरिनेछ ।

## परिच्छेद - ७

### २२. निर्वाचन सम्बन्धी व्यवस्था:

यस समूहको कार्यसमिति कायम रहेको अवस्थामा सोही कार्यसमितिले र सो समिति कायम नरहेको अवस्थामा आजिवन सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्ने छ । सो निर्वाचन अधिकृतिले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिनाभित्र निर्वाचन गराई सक्नुपर्ने छ , सो निर्वाचनमा पर्ने खर्च कार्यसमितिले व्यवस्थागर्ने छ । यसमा कार्यसमितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारणसभाको सदस्यहरुले छान्ने छन् ।

### २३. पदावधि:

(क) कार्यसमिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मितिदेखि ........... वर्ष हुने छ ।

(ख) सो गठित कार्यसमितिको पदावधि समाप्त हुन ............... महिना अगावै समूहको साधारणसभा बोलाई नयाँ कार्यसमितिको चुनाव गराउन अनिवार्य हुने छ ।

(ग) कार्यरत रहेको निर्वाचन कार्यसमितिका कार्य अवधि समाप्त (वा शुरु) हुनासाथ सो कार्यसमितिसँग भएको मानिनेछ ।

(घ) कार्यसमितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि । सो कार्यसमितिको आजिवन सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारणसभाको बैठक बोलाई नयाँ कार्यसमिति गठन गर्ने छ ।

(ङ) कार्यसमितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्यसमिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्यसमितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय भए सो लाई बुझाई सो को भरपाई लिनु पर्ने छ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्यसमितिका अध्यक्ष र सचिव दुबै संयुक्त रुपमा व्यहोर्नु पर्ने छ ।

### २४. उम्मेदवारको अयोग्यता:

(क) (व्यक्ति) जो पशुपालन पेशामा संलग्न छैन ।

(ख) (व्यक्ति) जो पशुपालनका समूहमा छैन ।

(ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरित कार्य गर्दछ ।

(घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

(ङ) (व्यक्ति) फौजदारी अभियोगमा सजाय पाएको छ ।

**२५. अविश्वासको प्रस्ताव :**

साधारणसभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्यसमिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**२६. राजिनामा:**

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यको राजिनामाको हकमा कार्यसमितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरु आफ्ना पदमा रहि रहनेछन् ।

**२७. विधान संशोधन:**

समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारणसभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिनेछ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान मस्यौदा पारित भई जि.प.से.का बाट स्वीकृत भएमा विधान संशोधन गरिनेछ ।

**२८. नियम बनाउने:**

साधारणसभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**२९. उप-समितिहरू गठन गर्न सक्नेछ:**

साधारणसभाले एवं कार्य साधारणसभाको स्वीकृत दिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्ति गर्न उपसमितिहरु बनाउन सक्ने छ ।

**३०. समूहको विघटन:**

(क) समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए समूहको विघटन हुने छ । यसरी समूह विघटन भए बचत सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्ने ।

(ख) समूहमा बस्न नचाहेमा ६ महिनासम्म सदस्य रहेको सदस्यताको कूल बचतबाट ........... प्रतिशत बचत कट्टा गरिनेछ । भने १८ महिना सदस्य रही बचत गर्नेको सदस्यको कूल बचतबाट ........... प्रतिशत बचत कट्टा गरिनेछ । १९ महिना बचत गर्ने सदस्यको कूल बचतबाट ............... प्रतिशत बचत कट्टा गरिनेछ भने २० महिना भन्दा बढीसम्म सदस्य रही बचत गर्ने सदस्यलाई बचत व्याज र वार्षिक मुनाफामा समेत सहभागी गराइनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै संघ/संस्था/ कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय पालो/ गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

(ग) समूहको नियमित बैठक प्रत्येक महिनाको ……….. गते बस्नेछ । समूह बैठकहरु यसले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्नेछ । पूर्व निश्चित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनुपर्छ । लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

**३१. ऐन नियम:**

यस समूहले नेपालको प्रचलित ऐन कानून विपरित कार्य गरेमा जि.प.से.का.ले यस समूहको दर्ता निलम्वन वा खारेजी गर्न सक्नेछ ।

**३२.** समूहको छाप र लोगो निम्न बमोजिम रहनेछ ।

.............................

**प्रमाणित गर्नेको हस्ताक्षर**